# लम्कीचुहा नगरपालिका

# नगर स्वयंसेवक ब्यूरो गठन तथा परिचालन निर्देशिका

## २०७८

लम्कीचुहा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

भल्का, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल।

लम्कीचुहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भल्का, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

# विषय सूचि

प्रस्तावना ५

परिच्छेद - १ : प्रारम्भिक ५

१. संक्षिप्त नाम र प्रारम्भ :........................................ ५

२. परिभाषा :........................................ ५

परिच्छेद - २ : मार्गदर्शक सिद्धान्त र उद्देश्य ७

३. स्वयंसेवक ब्यूरो परिचालनका मार्गदर्शक सिद्धान्त :........................................ ७

४. उद्देश्य:........................................ ७

५. नगर स्वयंसेवक ब्यूरो गठन तथा परिचालन सम्बन्धी व्यवस्था :........................................ ८

६. नगर स्वयंसेवक ब्यूरोको बैठकसम्बन्धी व्यवस्था :........................................ ९

७. नगर स्वयंसेवक ब्यूरोको काम, कर्तव्य र अधिकार :........................................ ९

८. नगर स्वयंसेवक ब्यूरोको सचिवालयसम्बन्धी व्यवस्था :........................................ १०

९. वडा स्वयंसेवक ब्यूरो गठन तथा काम कर्तव्य र अधिकारसम्बन्धी व्यवस्था :........................................ १०

१०. सामुदायिक स्वयंसेवक ब्यूरो गठन र परिचालनसम्बन्धी व्यवस्था :........................................ १०

११. स्वयंसेवक सम्बन्धी व्यवस्था :........................................ ११

१२. स्वयंसेवकको योग्यता :........................................ १२

१३. स्वयंसेवक सङ्गठित हुनुपर्ने :........................................ १२

१४. स्वयंसेवकको काम, कर्तव्य :........................................ १२

१५. स्वयंसेवकको आचारसंहिता :........................................ १३

१६. विज्ञहरूबाट स्वयंसेवा लिन सकिने :........................................ १३

१७. स्वयंसेवकको क्षमता विकाससम्बन्धी व्यवस्था :........................................ १३

१८. स्वयंसेवकको बीमा र स्वास्थ्य उपचार सम्बन्धी व्यवस्था :........................................ १४

१९. स्वयंसेवकको सेवा स्तरोन्नति र निवृत्तिसम्बन्धी व्यवस्था :........................................ १४

२०. स्वयंसेवाको कदर तथा सम्मान :........................................ १४

CamScanner

२१. स्वयंसेवाको सेवामुक्तसम्बन्धी व्यवस्था : .................... १४
२२. नगरपालिकाको भूमिका : .................... १४
२३. सुरक्षानिकायको भूमिका : .................... १५
२४. विषयगत सरकारी निकाय वा कार्यालयको भूमिका : .................... १५
२५. गैरसरकारी संघ संस्था, राजनीतिक दल र निजी प्रतिष्ठानहरूको भूमिका : .................... १६
२६. बजेट तथा आर्थिकसम्बन्धी व्यवस्था : .................... १६
२७. निर्देशिका लागू हुने तथा कार्यान्वयन : .................... १६
२८. अनुगमन तथा मूल्याङ्कन : .................... १७
२९. अभिलेख तथा प्रतिवेदन : .................... १७
३०. बाधा, अड्काउ फुकाउने : .................... १७
३१. पुनरावलोकन र अद्यावधिक सम्बन्धी व्यवस्था : .................... १७

लम्कीचुहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरका, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

CamScanner

## प्रस्तावना

लम्कीचुहा नगरपालिका वर्षेनि बाढी, आगलागी, हावाहुरी, महामारी, शीतलहर, अतिवृष्टि, चट्याङ, जनावर आतंक, खडेरी, असिना, सडक दुर्घटना, सर्पदंश, भूकम्प आदि प्रकोपहरूसँग सम्मुख रहेको, जसका कारण वर्षेनि ठूलो जनधनको क्षति, पूर्वाधार तथा अन्य संरचनाहरू प्रभावित एवं नष्ट भइरहेको सन्दर्भमा प्राकृतिक तथा गैरप्राकृतिक विपद्बाट हुन सक्ने जोखिम न्यूनीकरण गर्न र विपद्को अवस्थामा स्थानीय समुदायका व्यक्तिहरूले नै विपद्को पहिलो प्रतिकार्य गर्न सक्ने भएकाले विपद् पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभका क्रियाकलापहरू स्थानीय तहमा दक्ष जनशक्तिको कमी, पर्याप्त जनचेतनाका साथै वित्तीय तथा भौतिक स्रोतको कमी रहेको अवस्थामा पनि विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन स्थानीय स्वयंसेवकहरूको भूमिका अपरिहार्य भएकाले विपद् पूर्वतयारी र विपद् प्रतिकार्य क्षेत्रमा स्थानीय स्वयंसेवकहरूलाई प्रभावकारी, समन्वयात्मक र व्यवस्थित रूपमा परिचालन र व्यवस्थापन गर्न वाञ्छनीय भएकाले लम्कीचुहा नगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७७ को दफा ५.२ को ख र संघीय ऐन को दफा ११ ध ले दिएको अधिकार प्रयोग गरी लम्कीचुहा नगर कार्यपालिकाले **'नगर स्वयंसेवक ब्यूरो गठन तथा परिचालन निर्देशिका, २०७८'** जारी गरेको छ।

## परिच्छेद - १ : प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ :

(क) यो निर्देशिकाको नाम 'नगर स्वयंसेवक ब्यूरो गठन तथा परिचालन निर्देशिका, २०७८' रहेको छ।

(ख) यो निर्देशिका लम्कीचुहा नगरकार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

### २. परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा:

(क) 'निर्देशिका' भन्नाले 'लम्कीचुहा नगरपालिका नगर स्वयंसेवक ब्यूरो गठन तथा परिचालन निर्देशिका, २०७८' सम्झनु पर्छ।

लम्कीचुहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भल्का, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

(ख) 'स्वयंसेवा' भन्नाले व्यक्तिगत स्वार्थका निम्ति आर्थिक, सामाजिक तथा राजनीतिक फाइदाबाट उत्प्रेरित नभईकन स्वेच्छाले निःस्वार्थ रूपमा परम्परागत रूपमा समाजमा विद्यमान रहेका तथा व्यावसायिक र संगठित रूपले सञ्चालन भइरहेका स्वयंसेवी क्रियाकलापहरूलाई सम्झनु पर्छ ।

(ग) 'नगर स्वयंसेवक' भन्नाले लम्कीचुहा नगरपालिकाका, वडा तथा समुदायस्तरमा गठन भएका विपद् पूर्वतयारी, प्रतिकार्यका लागि प्राथमिक उपचार कार्यदल, खोज तथा उद्धार कार्यदल, पूर्वसूचना कार्यदल, अग्नि नियन्त्रण कार्यदल, प्रारम्भिक द्रुत लेजाजोखा कार्यदल, सामुदायिक विपद् व्यवस्थापन समिति तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्वन्धी तालिमप्राप्त पारिश्रमिकविना स्वेच्छाले खटिने जनशक्ति सम्झनुपर्छ । उक्त शब्दले स्वयंसेवक तथा सामुदायिक विपद् प्रतिकार्य टोलीलाई समेत सम्झनुपर्छ ।

(घ) 'सूचीकरण' भन्नाले यस निर्देशिकाबमोजिम स्वयंसेवक व्यक्ति वा स्वयंसेवक सञ्चालन गर्ने संघ, संस्थालाई नगर विपद् तथ्याङ्क तथा सूचना प्रणालीमा प्रविष्ट गर्ने प्रक्रिया र परिणामलाई सम्झनुपर्छ ।

(ङ) 'वहुसरोकारवाला' भन्नाले लम्कीचुहा नगरपालिकाका, वडा, स्थानीय सुरक्षानिकाय तथा स्थानीय समुदाय लगायतका विपद् व्यवस्थापनसँग सम्बन्धित कार्य गर्ने सरकारी तथा गैरसरकारी निकाय, संघ/संस्था एवम् निजी क्षेत्र समेतलाई सम्झनुपर्छ ।

(च) 'ऐन' भन्नाले लम्कीचुहा नगरपालिका नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७७ सम्झनुपर्छ ।

(छ) 'संघीय ऐन' भन्नाले नेपालको संघीय संसद्ले बनाएको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (संशोधन सहित) सम्झनुपर्छ ।

(ज) 'कार्यपालिका' भन्नाले लम्कीचुहा नगरपालिका नगर कार्यपालिका सम्झनुपर्छ ।

(झ) 'राष्ट्रिय स्वयंसेवक ब्यूरो' भन्नाले संघीय सरकारले गठन गरेको केन्द्रीय स्वयंसेवक ब्यूरो सम्झनुपर्छ ।

(ञ) 'प्रदेश स्वयंसेवक ब्युरो' भन्नाले प्रदेश सरकारले गठन गरेको प्रदेशस्तरीय स्वयंसेवक ब्युरो सम्झनुपर्छ ।

लम्कीचुहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय भजनी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

CamScanner

## परिच्छेद - २ : मार्गदर्शक सिद्धान्त र उद्देश्य

**३. स्वयंसेवक ब्यूरो परिचालनका मार्गदर्शक सिद्धान्त :**

(१) यस निर्देशिकाबमोजिम गठित नगर स्वयंसेवक ब्यूरोले कार्यसम्पादन गर्दा देहायका मार्गदर्शक सिद्धान्तको अवलम्वन गर्नुपर्नेछ ।

(क) मानवताका सिद्धान्तहरू

(ख) सबै सरोकारवालाहरूको समुचित सहभागिता

(घ) समुदायसँग तथा सम्बन्धित संघसंस्थाबीच परस्पर सहकार्य

(ङ) लैङ्गिक समानता तथा सामाजिक समावेशिता

(च) ऐक्यबद्धता

(छ) निष्पक्षता

(ज) इमान्दारी तथा निष्ठा

(झ) तटस्थता

२. उपदफा (१) मा उल्लिखित मार्गदर्शक सिद्धान्तहरूलाई स्वयंसेवक ब्यूरो, स्वयंसेवाका लागि खटिने स्वयंसेवक तथा सामुदायिक विपद् प्रतिकार्य टोलीहरूले पालना गर्नुपर्नेछ ।

३. उपदफा (१) मा उल्लिखित मार्गदर्शक सिद्धान्तहरूलाई स्वयंसेवक सङ्गठित र परिचालन गर्ने अन्य संघ/संस्था वा निकायले समेत पालना गर्नुपर्नेछ ।

४. उपदफा (३) बमोजिम अनुशासन तथा आचारसंहिता तयार गर्दा अन्तरराष्ट्रिय मानवीय कानुन र मूल्य मान्यता, प्रचलित कानुन, स्थानीय समुदायका सांस्कृतिक मूल्य मान्यता, लैङ्गिक समता, फरक क्षमता भएका व्यक्तिहरूको आधारभूत अधिकार र मानवअधिकारको रक्षाका विषयलाई समेत ध्यान दिनुपर्नेछ ।

**४. उद्देश्यः**

(१) यस निर्देशिकाको मुख्य उद्देश्य प्राकृतिक र गैरप्राकृतिक विपद्को जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य, राहत वितरण तथा व्यवस्थापनका लागि स्वयंसेवकहरूको व्यवस्थित, मर्यादित तथा संस्थागत विकास र परिचालन गरी लम्कीचुहा नगरपालिकाको विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी तथा प्रतिकार्य क्षमता संस्थागत एवं सुदृढ गर्नु हो । यस निर्देशिकाका अन्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन्:

(क) विपद् व्यवस्थापनका विभिन्न विषय क्षेत्रमा स्वयंसेवकहरूको उत्पादन, गठन तथा विकास गर्नु ।

नगरपालिका ...काको कार्यालय कैलाली ...प्रदेश, नेपाल

CamScanner

(ख) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा स्वयंसेवकहरूलाई सङ्गठित गर्नु, उनीहरूको ज्ञान, सीप, दक्षता, अनुशासन र क्रियाशीलता बढाउनु, संस्थागत विकास र परिचालनका लागि नगरपालिका, वडा तथा समुदायस्तरमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको संस्थागत संरचनाको व्यवस्था गर्नु ।

(ग) स्वयंसेवक संगठित तथा परिचालन गर्ने संघ संस्था वा निकायका प्रयासलाई एकीकृत, व्यवस्थित र सुदृढ गर्नु ।

(घ) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा परिचालन हुने स्वयंसेवकहरूबीच आपसी सहयोग, समझदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउनु ।

(ङ) विपद् प्रतिकार्यमा परिचालन हुने विभिन्न संघ संस्थाहरूका स्वयंसेवकहरूको परिचालन र व्यवस्थापनमा सहजीकरण गर्नु ।

## ५. नगर स्वयंसेवक ब्यूरो गठन तथा परिचालन सम्बन्धी व्यवस्था :

(१) नगर विपद् व्यवस्थापन समितिका संयोजक वा संयोजकले तोकेको सदस्यको संयोजकत्वमा आवश्यक संख्यामा नगर स्वयंसेवक ब्यूरो गठन गरिनेछ उक्त ब्यूरोमा देहायका निकाय वा संस्थाका प्रमुख वा प्रतिनिधि सदस्य रहने गरी ११ जना सदस्यीय नगर स्वयंसेवक ब्यूरो गठन हुनेछन् ।

(क) नगर विपद् व्यवस्थापन समितिका सदस्यहरूमध्ये संयोजकले तोकेको सदस्य: संयोजक

(ख) वडा विपद् व्यवस्थापन समितिका पदाधिकारीहरूमध्येबाट नगर विपद् व्यवस्थापन समितिले तोकेका २ जना महिलासहित ५ जना : सदस्य

(ग) प्रमुख वा प्रतिनिधि, नेपाल रेडक्रस सोसाइटी उपशाखा, लम्कीचुहा : सदस्य

(घ) प्रमुख वा प्रतिनिधि, नगर आपतकालीन कार्यसञ्चालन केन्द्र : सदस्य

(ङ) प्रमुख वा प्रतिनिधि, नगरपालिकाको वारुणयन्त्र सञ्चालन एकाइ : सदस्य

(च) प्रमुख वा प्रतिनिधि, नगर प्रहरी : सदस्य

(छ) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका क्षेत्रमा क्रियाशील लम्कीचुहा नगरपालिका अन्तर्गतका संघ/संस्था वा निकायका प्रमुख वा प्रतिनिधिमध्ये नगरपालिका स्वयंसेवक ब्यूरो संयोजकले मनोनयन गरेका कम्तीमा १ (एक) जना महिला सहित २ (दुई) जना: सदस्य

(ज) वातावरण तथा विपद् व्यवस्थापन एकाइ प्रमुख : सदस्य सचिव

२. उपदफा ५(१) बमोजिम गठन भएको नगर स्वयंसेवक ब्युरोको बैठकमा जिल्ला र नगरस्तरीय विपद् व्यवस्थापनको क्षेत्रमा काम गर्ने निकाय, संघ संस्था एवं समितिका प्रमुख तथा प्रतिनिधिहरूलाई आमन्त्रण गर्न सकिनेछ ।

लम्कीचुहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भल्का, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

CamScanner

३. उपदफा ५(१) बमोजिम मनोनीत सदस्यहरूको नामावली तथा सम्पर्क नम्वर वार्षिक रूपमा अद्यावधिक गरिनेछ र कुनै सदस्यले कुनै कारणवश जिम्मेवारी छोडेर गएको अवस्थामा विपद् व्यवस्थापन समितिको निर्णयबाट नयाँ सदस्य थप गरिनेछ ।

४. उपदफा ५ (१) बमोजिम नगर स्वयंसेवक ब्यूरो गठन नभएको अवस्थामा स्थानीय विपद् व्यवस्थापन समितिले ब्यूरोको काम, कर्तव्य र अधिकार प्रयोग गर्न गराउन सक्नेछ ।

५. उपदफा ५(१) बमोजिम गठन भएको नगर स्वयंसेवक ब्यूरोले नगर विपद् व्यवस्थापन समितिलाई नियमित रूपमा जानकारी तथा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

## ६. नगर स्वयंसेवक ब्यूरोको बैठकसम्बन्धी व्यवस्था :

(१) नगर स्वयंसेवक ब्यूरोको बैठक संयोजकको अध्यक्षतामा सामान्यतया कम्तीमा वर्षको ४ पटक र आवश्यकताअनुसार जुनसुकै समयमा पनि बस्न सकिनेछ ।

(२) बैठक सञ्चालनको कार्यविधि नगर स्वयंसेवक ब्यूरो आफैंले निर्धारण गरेबमोजिम हुनेछ ।

(३) नगर स्वयंसेवक ब्यूरोको बैठक सञ्चालन खर्च नगर विपद् व्यवस्थापन कोष वा अन्य सम्बन्धित कोषबाट भुक्तानी हुनेछ ।

## ७. नगर स्वयंसेवक ब्यूरोको काम, कर्तव्य र अधिकार :

(१) नगर स्वयंसेवक ब्यूरोको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) स्वयंसेवक परिचालन तथा व्यवस्थापन सम्बन्धमा आवश्यक आचारसंहिता र कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

(ख) नगर स्वयंसेवक ब्यूरोले स्थानीय संघ सस्था तथा समूहको गठन, क्षमता विकास, परिचालन र व्यवस्थापनमा आवश्यक सहयोग, समन्वय र सहकार्य गर्नेछ ।

(ग) नगरपालिका स्तरमा क्रियाशील स्वयंसेवी संघ संस्था, समूह र स्वयंसेवकको अभिलेख राख्ने वा राख्न लगाउनेछ ।

(घ) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा खटिने स्वयंसेवी संघ, संस्था समूह वा स्वयंसेवकलाई तोकिएको निर्देशिका, मापदण्ड र आचारसंहिता पालना गर्न लगाउनेछ ।

(ङ) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यमा स्वयंसेवकको परिचालन तथा व्यवस्थापनसम्बन्धी अन्य आवश्यक काम गर्नेछ ।

वेदकोदुवा नगरपालिका नगर कार्यपालिकाको कार्यालय भज्नी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

CamScanner

## ८. नगर स्वयंसेवक ब्यूरोको सचिवालयसम्बन्धी व्यवस्था :

(१) नगर स्वयंसेवक ब्यूरोको सचिवालय वातावरण तथा विपद् व्यवस्थापन एकाइमा रहनेछ ।

(२) नगर स्वयंसेवक ब्यूरोका लागि आवश्यक जनशक्ति र साधन स्रोतको व्यवस्था नगरपालिकाले गर्नेछ

(३) नगर स्वयंसेवक ब्यूरोले आफ्ना कार्यक्रमहरू सञ्चालन गर्दा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन क्षेत्रमा नगरपालिका तहमा क्रियाशील संघ/संस्था र निकायहरूसँग आवश्यक समन्वय, सहकार्य तथा साझेदारी गर्न सक्नेछ ।

## ९. वडा स्वयंसेवक ब्यूरो गठन तथा काम कर्तव्य र अधिकारसम्बन्धी व्यवस्था :

(१) वडा विपद् व्यवस्थापन समितिको संयोजक वा निजले तोकेको सदस्यको संयोजकत्वमा टोल विकास संस्था, महिला समूह, स्थानीय क्लबका प्रतिनिधिहरू, स्थानीय शिक्षक, रेडक्रस, अवकाशप्राप्त प्रहरी तथा सेनाका प्रतिनिधिहरू, सामाजिक क्लबका प्रतिनिधिहरू, पूर्वसूचना, प्राथमिक उपचार, खोज उद्धार कार्यदलका प्रतिनिधिहरू, संकटासन्न समूहका प्रतिनिधिहरू, सहयोगी कार्यदलका प्रतिनिधिहरू र अन्य सामाजिक अभियन्ताहरूमध्येबाट सबै बस्ती/टोलको प्रतिनिधित्व हुने गरी वडा स्वयंसेवक ब्यूरो वा वडा विपद् प्रतिकार्य स्वयंसेवक समिति गठन गरिनेछ । स्वयंसेवकका लागि छनौट गर्दा समुदायमा स्थायी रूपमा बसोवास गरिरहेका र नियमित रूपमा समुदाय स्तरमै सामाजिक सेवामा लागि रहेका व्यक्तिहरूलाई प्राथमिकता दिइनेछ ।

(२) उपदफा ९(१) बमोजिम गठित वडा स्वयंसेवक ब्यूरोको ज्ञान, सीप वा क्षमता विकास गर्दा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी कुनै निश्चित विषयक्षेत्रको ज्ञान, सीपसम्बन्धी तालिमका साथै विपद्का समयमा बढी जोखिममा हुने महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति र विपन्न वर्गहरूलाई प्राथमिकता दिई प्रशिक्षण दिइनेछ ।

(३) वडा स्वयंसेवक ब्यूरोको बैठक कम्तीमा वर्षको ४ पटक वा आवश्यकताअनुसार हुनेछ ।

(४) संयोजकको अनुपस्थितिमा उपस्थित सदस्यहरूमध्ये ज्येष्ठ सदस्यको अध्यक्षतामा बैठक बस्न सक्नेछ ।

(६) बैठक सञ्चालनको कार्यविधि समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ ।

(७) वडा स्वयंसेवक समितिको अन्य भूमिका, जिम्मेवारी तथा उत्तरदायित्व, सम्बन्धित नगर स्वयंसेवक ब्यूरोले तोकेबमोजिम हुनेछ ।

## १०. सामुदायिक स्वयंसेवक ब्यूरो गठन र परिचालनसम्बन्धी व्यवस्था :

(१) टोल विकास संस्था, महिला समूह, स्थानीय क्लबका प्रतिनिधिहरू, स्थानीय शिक्षक, रेडक्रस, अवकाशप्राप्त प्रहरी तथा सेनाका प्रतिनिधिहरू र अन्य सामाजिक अभियन्ताहरूमध्येबाट वडा समितिमा प्रतिनिधित्व गर्ने व्यक्तिको संयोजकत्वमा सामुदायिक **स्वयंसेवक ब्यूरो वा** विपद्

प्रतिकार्य टोली गठन गर्न सकिनेछ । सामुदायिक विपद् प्रतिकार्य टोलीलाई स्वयंसेवाको विषयक्षेत्र, कामको प्रकृति र विपद् प्रभावको स्तरअनुसार दफा ११ बमोजिम विभिन्न विषयक्षेत्रमा वर्गीकरण गरिनेछ ।

(२) समुदायस्तरमा गठित सामुदायिक **स्वयंसेवक ब्यूरो वा** विपद् प्रतिकार्य टोलीको ज्ञान, सीप वा क्षमता विकास गर्दा विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्वन्धी कुनै निश्चित विषयक्षेत्रको ज्ञान, सीपसम्बन्धी तालिम दिनुका साथै विपद्का समयमा बढी जोखिममा हुने महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति र विपन्न वर्गलाई प्राथमिकता दिई प्रशिक्षण दिनुपर्नेछ ।

(३) सामुदायिक **स्वयंसेवक ब्यूरो वा** प्रतिकार्य टोलीको बैठक र परिचालन आवश्यकताअनुसार हुनेछ । संयोजकको अनुपस्थितिमा उपस्थित सदस्यहरूमध्ये ज्येष्ठ सदस्यको अध्यक्षतामा बैठक वस्न सक्नेछ ।

(५) सामुदायिक विपद् प्रतिकार्य टोलीको अन्य भूमिका, जिम्मेवारी तथा उत्तरदायित्वसम्बन्धी व्यवस्था नगर स्वयंसेवक ब्यूरोले तोकेबमोजिम हुनेछ ।

**११. स्वयंसेवक सम्बन्धी व्यवस्था :**

(१) लम्कीचुहा नगरपालिकामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि आवश्यक पर्ने ज्ञान, सीप र क्षमताअनुसार देहायका क्षेत्रहरू वर्गीकरण गरी स्वयंसेवक परिचालन गर्न सकिनेछ ।

(क) विपद् जोखिम न्यूनीकरणसम्बन्धी सचेतना तथा पूर्वसूचनासम्बन्धी विषय,

(ख) विपद्मा परेका व्यक्तिहरूको खोज तथा उद्धार सम्बन्धी विषय,

(ग) प्राथमिक उपचार तथा आधारभूत स्वास्थ्योपचार सम्बन्धी विषय,

(घ) वाढी, पहिरो, नदी कटान, आगलागी, चट्याङ, सडक दुर्घटना, हवाई दुर्घटना लगायतका विपद्मा खोज, उद्धार गर्न आवश्यक पर्ने विशेष विषय,

(ङ) प्रारम्भिक द्रुत लेखाजोखा र विपद् प्रभावितहरूका लागि आवश्यक पर्ने सहायताको लेखाजोखा सम्बन्धी विषय,

(च) सामाजिक सुरक्षा तथा मनोसामाजिक परामर्श सम्बन्धी विषय,

(छ) खाद्य लगायतका राहत सामग्रीको वितरण तथा व्यवस्थापन सम्बन्धी विषय,

(ज) अस्थायी आश्रयस्थल, क्याम्प वा क्वारेन्टाइन व्यवस्थापन सम्बन्धी विषय,

(झ) महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्तिहरूको संरक्षण र संवर्द्धन सम्बन्धी विषय,

(ञ) नगर स्वयंसेवक ब्यूरोले तोकेका अन्य विषयहरू,

लम्कीचुहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भल्का, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

CamScanner

(२) उपदफा (१) बमोजिमका सामुदायिक स्वयंसेवक ब्यूरो वा विपद् प्रतिकार्य टोलीहरूको परिचालन तथा व्यवस्थापन सम्बन्धमा यो निर्देशिकाको अधीनमा रही नगर स्वयंसेवक ब्यूरोले आवश्यक आचारसंहिता तर्जुमा गरी लागू गर्न सक्नेछ ।

**१२. स्वयंसेवकको योग्यता :**

(१) विभिन्न विषयक्षेत्रमा सेवा गर्ने स्वयंसेवकको न्यूनतम योग्यता र अनुभव नगर स्वयंसेवक ब्यूरोले निर्धारण गरेबमोजिम हुनेछ साथै नगर स्वयंसेवक ब्युरोले स्वयंसेवकको कार्यक्षेत्र र विषयक्षेत्र अनुसारको अनुभव, योग्यता ज्ञान, सीप, क्षमता अभिवृद्धि, स्तर निर्धारण र प्रमाणित गर्न आवश्यक मापदण्ड निर्धारण गरी लागू गर्नेछ । वडा स्वयंसेवक ब्यूरो र सामुदायिक स्वयंसेवक ब्यूरो वा विपद् प्रतिकार्य टोलीलाई नगर स्वयंसेवक ब्युरोले क्षमता अभिवृद्धि गर्नुपर्नेछ ।

(२) नगर स्वयंसेवक ब्युरोले प्रदेश स्वयंसेवक ब्युरो वा सम्वन्धित सरोकारवालाहरूसँग समेत आवश्यक समन्वय गरी विभिन्न विषयक्षेत्रका स्वयंसेवकहरूको क्षमता विकास गर्नेछ ।

**१३. स्वयंसेवक सङ्गठित हुनुपर्ने :**

(१) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका विभिन्न क्षेत्रमा स्वयंसेवकका रूपमा काम गर्न वा परिचालन हुन इच्छुक व्यक्ति र अनुमति प्राप्त संघ, संस्था वा निकायहरू सङ्गठित रूपमा परिचालित हुनु पर्नेछ ।

(२) कुनै व्यक्ति विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यमा स्वयंसेवकको रूपमा परिचालन हुँदा निज आफू सङ्गठित संस्थाको प्रतिनिधित्व गरी परिचालित हुन सक्नेछ ।

(३) उपदफा (२) वमोजिम परिचालन हुने स्वयंसेवकले आफू सङ्गठित भएको संस्थाको नियमानुसारको सेवा सुविधा पाउनेछ ।

**१४. स्वयंसेवकको काम, कर्तव्य :**

(१) स्वयंसेवकको काम कर्तव्य देहाय वमोजिम हुनेछ ।

(क) यस निर्देशिका र अन्तर्गत बनेका आचारसंहिताको पालना गर्ने ।

(ख) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यमा परिचालन हुँदा नगर स्वयंसेवक ब्यूरोले तोकेको कार्यशर्त वमोजिम नैतिकवान भई, निष्पक्ष रूपले कार्य सम्पादन गर्ने ।

(ग) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यमा परिचालन हुँदा प्राप्त स्रोत तथा अधिकारको जिम्मेवारी एवम् जवाफदेही भई पारदर्शी तथा प्रभावकारी रूपमा उपयोग गर्ने ।

लालझाडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भज्नी, कैलाली, सुदूरपश्चिम प्रदेश

**१५. स्वयंसेवकको आचारसंहिता :**

(१) स्वयंसेवकले स्वयंसेवीको रूपमा परिचालन हुँदा साथै व्यक्तिगत जीवनमा समेत असल आचरण र तोकिएको आचारसंहिता पालन गर्नुपर्ने छ ।

(२) नगर विपद् व्यवस्थापन समितिले स्वयंसेवकले पालना गर्नुपर्ने आचारसंहिता तयार गरी लागू गर्नेछ ।

(३) उपदफा २ बमोजिमको आचारसंहिता तयार गर्दा प्रदेश तथा राष्ट्रिय ब्यूरोले निर्धारण गरेका संहिताको समेत पालना हुने गरी गरिने छ ।

**१६. विज्ञहरूबाट स्वयंसेवा लिन सकिने :**

(१) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी अनुसन्धान वा योजना तयार गर्न र कार्यान्वयन गर्न सहयोग गर्न स्थानीय विपद् व्यवस्थापन समितिले सम्बन्धित विषयमा विज्ञता हासिल गरेका नेपाली नागरिकलाई स्वयंसेवक परिचालन गर्न सकिनेछ ।

(२) उपदफा ५(१) बमोजिम परिचालन हुने स्वयंसेवकको काम, कर्तव्य र निजले पूरा गर्नुपर्ने दायित्व नगरको सम्बन्धित निकायले निजलाई उपलब्ध गराएको कार्यशर्त वा कार्यसूची बमोजिम हुनेछ ।

(३) उपदफा ५(१) बमोजिम परिचालन हुने स्वयंसेवकको सुविधा सम्बन्धित निकायले तोकेबमोजिम वा निज सङ्गठित संस्थाले उपलब्ध गराउने हकमा उक्त संस्थाले तोकेबमोजिम हुनेछ ।

**१७. स्वयंसेवकको क्षमता विकाससम्बन्धी व्यवस्था :**

(१) स्वयंसेवकको क्षमता विकासका लागि नगर स्वयंसेवक ब्यूरोले देहाय बमोजिमका कार्यहरू गर्नुपर्नेछ:

(क) स्वयंसेवक आबद्ध विषयक्षेत्रसँग सम्बन्धित शिक्षा, तालिम, प्रशिक्षण र अभ्यास प्रदान गर्ने ।

(ख) स्वयंसेवकलाई तोकिएको कार्यसम्पादनका लागि आवश्यक मेशिन, औजार, उपकरण र अन्य सामग्रीहरू उपलब्ध गराउने ।

(ग) विभिन्न प्रकोपबाट हुने सम्भावित विपद् परिदृश्यमा आधारित कृत्रिम घटना अभ्यास गराउने र यसका लागि स्थानीय तहमा नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीसँग समन्वय गरी सहयोग लिने ।

(घ) स्वयंसेवकको क्षमता विकाससम्बन्धी अन्य काम गर्ने, गराउने ।

(२) नगर स्वयंसेवक ब्यूरोले स्वयंसेवकको क्षमता विकासका लागि आवश्यक कार्य योजना बनाई कार्यान्वयन गर्नु, गराउनु पर्नेछ ।

(३) नगर स्वयंसेवक ब्यूरोले स्वयंसेवकको क्षमता विकास गर्न प्रचलित कानुन बमोजिम सम्वन्धित संघ संस्था वा निकायसँग साझेदारी र सहकार्य गर्न सक्नेछन् ।

**१८. स्वयंसेवकको बीमा र स्वास्थ्य उपचार सम्बन्धी व्यवस्था :**

(१) स्वयंसेवक सङ्गठित र परिचालन गर्ने संघ/संस्था वा निकायले आफूसँग सङ्गठित स्वयंसेवकको आवश्यक औषधोपचार र प्रचलित नियमबमोजिम दुर्घटना बीमा गर्नु, गराउनु पर्नेछ ।

(२) स्वयंसेवक सङ्गठित र परिचालन गर्ने संघ, संस्था वा निकाय सूचीकृत गर्दा त्यस्ता संघ/संस्था वा निकायको विवरण अद्यावधिक गर्दा वा दर्ता नवीकरण गर्दा सम्वन्धित संस्थाले स्वयंसेवकको औषधि उपचार र दुर्घटना बीमासम्बन्धी व्यवस्था भए नभएको सुनिश्चित गर्नुपर्नेछ ।

(३) कुनै स्वयंसेवकको सम्बन्धित संघ संस्था वा निकायले औषधि उपचार र दुर्घटना बीमा सम्बन्धी व्यवस्था गरेको नपाइएमा नगर स्वयंसेवक ब्यूरोले औषधि उपचार र दुर्घटना बीमा सम्बन्धी व्यवस्था गर्नु गराउनु पर्नेछ ।

**१९. स्वयंसेवकको सेवा स्तरोन्नति र निवृत्तिसम्बन्धी व्यवस्था :**

(१) स्थानीय विपद् व्यवस्थापन समितिले स्वयंसेवकको कार्य क्षमताको आधारमा स्तरोन्नति गर्न मूल्याङ्कन कार्यविधि र सूचकहरू निर्धारण गरी नगरकार्यपालिकाबाट स्वीकृत भएपछि लागू गर्नेछ । सूचकहरू निर्धारण गर्दा महिला हिंसामा शून्य सहनशीलता र लैङ्गिक समावेशीकरणमा उत्कृष्ट काम गरेको हुनुपर्नेछ ।

(२) नगर विपद् व्यवस्थापन समितिले स्वयंसेवकको सेवा अवधि र योगदानका आधारमा गरिने सम्मान लगायतका विविध विषयमा कार्यविधि र मापदण्ड तयार गरी नगर कार्यपालिकाबाट स्वीकृत भएपछि लागू गर्नेछ ।

**२०. स्वयंसेवाको कदर तथा सम्मान :**

(१) स्वयंसेवकको कार्यसम्पादन मूल्याङ्कनको आधारमा नगर स्वयंसेवक ब्यूरोले नगद पुरस्कारका साथै प्रोत्साहन वा कदर गर्न सक्नेछ । यस सम्बन्धी विधि र मापदण्ड नगर ब्यूरोले निर्धारण गरे बमोजिम हुनेछ ।

**२१. स्वयंसेवाको सेवामुक्तसम्बन्धी व्यवस्था :**

(१) स्वयंसेवकले पालना गर्नुपर्ने नियम, आचारसंहिता, अनुशासनको पालना नगरेमा स्थानीय विपद् व्यवस्थापन समितिले स्वयंसेवकवाट हटाउन सम्बन्धित संघ, संस्थालाई निर्देशन दिनेछ । संस्थाले सो निर्देशनको तत्काल लागू गर्नुपर्नेछ ।

(२) स्वयंसेवकले कुनै कसुर गरेमा निजको मात्रा र प्रकृति बमोजिम सम्बन्धित निकायवाट प्रचलित कानुन वमोजिम कारबाही हुनेछ ।

**२२. नगरपालिकाको भूमिका :**

(१) नगरपालिकाको भूमिका देहाय वमोजिम हुनेछ :

(क) नगर स्वयंसेवक ब्यूरोका साथै वडा तथा समुदायिक स्वयंसेवक समूहहरू गठन र सञ्चालन गर्न सहयोग गर्ने ।

(ख) नगरपालिका विपद् व्यवस्थापन समिति वा ब्यूरोले पेश गरेको स्वयंसेवक विकास तथा परिचालन योजना नगरकार्यपालिकाबाट स्वीकृत गरी लागू गर्ने, गराउने ।

(ग) नगरपालिकाअन्तर्गत विपद् पूर्वतयारी र विपद् प्रतिकार्यमा स्वयंसेवकको प्रबन्ध र प्रभावकारी परिचालन गर्न स्वयंसेवक सङ्गठित र परिचालन गर्ने संघ/संस्था वा निकायसँग समन्वय र सहकार्य गर्न नगर स्वयंसेवक ब्युरोलाई सहयोग गर्ने ।

(घ) स्वयंसेवक विकास र परिचालनका लागि उपलब्ध स्थानीय स्रोत परिचालन गर्नुका साथै प्रदेश सरकार र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणसँग समन्वय गरी अन्य आवश्यक स्रोत साधन जुटाउन नगरपालिका ब्युरोलाई सहयोग गर्ने ।

(ङ) स्वयंसेवक विकास र परिचालनका लागि रेडक्रस, राजनीतिक दलहरू, अन्य सामाजिक संघ/संस्था वा निकायहरूसँग सहकार्य र समन्वय गर्न नगर स्वयंसेवक ब्युरोलाई सहयोग गर्ने ।

(च) नगर स्वयंसेवक ब्युरो, वडा स्वयंसेवक परिचालन समिति र सामुदायिक विपद् प्रतिकार्य टोलीहरूले गरेका कार्यको अनुगमन, मूल्याङ्कन गर्ने गराउने ।

(छ) स्वयंसेवक परिचालन र व्यवस्थापनको लागि आवश्यक बजेट व्यवस्थापन गर्ने ।

(ज) स्वयंसेवक हुन चाहने संस्था वा व्यक्तिहरूबाट स्थानीय विपद् व्यवस्थापन समितिले फारम भराई स्वयंसेवकहरूको सूचीकरण गरी विवरण अद्यावधिक गर्ने ।

## २३. सुरक्षानिकायको भूमिका :

(१) सुरक्षानिकायको भूमिका देहाय बमोजिम हुनेछ:

(क) नगर स्वयंसेवक ब्यूरोले, वडा तथा समुदायमा रहेका स्वयंसेवकको क्षमता विकासका लागि माग बमोजिम आवश्यक तालिम तथा अभ्यास प्रदान कार्यमा सहयोग गर्ने ।

(ख) विपद् पूर्वतयारी अभ्यास र विमद् प्रतिकार्य सम्बन्धी क्रियाकलापहरूमा सम्बन्धित स्वयंसेवक ब्यूरो र स्वयंसेवक समूहबीच समन्वय र सहकार्य गर्ने ।

(ग) स्वयंसेवक परिचालन आचारसंहिता र अनुशासनको पालना गर्न, गराउन सहयोग गर्ने ।

## २४. विषयगत सरकारी निकाय वा कार्यालयको भूमिका :

(१) नगरपालिकाका विषयगत शाखा, आफ्नो विषयक्षेत्रसँग सम्बन्धित स्वयंसेवक उत्पादन गर्ने, क्षमता विकास गर्ने र प्रभावकारी परिचालन गर्ने सम्बन्धमा नगर स्वयंसेवक ब्यूरोलाई सहयोग र समन्वय गर्ने ।

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भक्का, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

## २५. गैरसरकारी संघ संस्था, राजनीतिक दल र निजी प्रतिष्ठानहरूको भूमिका :

(१) गैरसरकारी संघ संस्था, राजनीतिक दल र निजी प्रतिष्ठानहरूको भूमिका देहाय वमोजिम हुनेछ:

(क) विपद् पूर्वतयारी तथा विपद् प्रतिकार्यको समयमा नगर स्वयंसेवक ब्युरो र सुरक्षानिकायहरूबीच सहयोग, समन्वय र सहकार्य गरी जनधनको रक्षा गर्ने ।

(ख) निर्देशिका र आचारसंहिताअन्तर्गत रही आफ्नो विषयक्षेत्र अनुरूपका स्वयंसेवक सङ्गठित गर्न, सूचीकरण गर्न, क्षमता विकास गर्न र परिचालन गर्न नगर स्वयंसेवक ब्यूरोसँग आवश्यक समन्वय र सहकार्य गर्ने ।

## २६. बजेट तथा आर्थिकसम्बन्धी व्यवस्था :

(१) विभिन्न विषयक्षेत्रमा स्वयंसेवक सङ्गठित गर्न, क्षमता विकास गर्न र परिचालन गर्न आर्थिक व्यवस्थापन देहायबमोजिम हुनेछ:

(क) नगरपालिकाभित्र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि खटिएका स्वयंसेवकहरूका लागि नगरपालिकाले बजेटको व्यवस्था गर्नेछ ।

(ख) सरकारी, गैरसरकारी संघ, संस्था वा निजी क्षेत्रबाट खटिएका स्वयंसेवकको उचित आवश्यक खर्च, औषधि उपचार व्यवस्था र बीमाको प्रवन्ध स्वयंसेवक सङ्गठित र परिचालन गर्ने संघ/संस्था वा निकायले गर्नुपर्नेछ ।

(ग) स्वयंसेवक सङ्गठित गर्ने संघ/संस्था वा निकायले आफूसँग संगठित वा आबद्ध स्वयंसेवकलाई निजले गर्ने कामको प्रकृति, विषयक्षेत्र र कार्यबोझ अनुसार स्वयंसेवामा खट्दा आवश्यक पर्ने न्यूनतम बन्दोबस्तीका सामग्री, पोशाक, व्यक्तिगत सुरक्षा र आधारभूत आवश्यकता सम्वोधन गर्ने सेवा सुविधा उपलब्ध गराउनुपर्नेछ ।

(२) नगरपालिकाले आवश्यकताअनुसार स्वयंसेवक परिचालन गर्न बजेट विनियोजन गर्ने, खर्चको फाँटवारी राख्ने र आर्थिक कारोवारको लेखापालन र लेखापरीक्षण गराउने साथै समय समयमा खर्चको विवरण सार्वजनिक गर्नुपर्नेछ ।

(३) गैरसरकारी संघ/संस्था वा निकाय र निजी प्रतिष्ठान लगायत मानवीय सहायतामा क्रियाशील जुनसुकै सङ्गठनमार्फत परिचालन हुने स्वयंसेवक परिचालन खर्चको लेखापरीक्षण प्रचलित कानुनवमोजिम हुनेछ ।

## २७. निर्देशिका लागू हुने तथा कार्यान्वयन :

यो निर्देशिका नीति निर्माण कार्यदलको सिफारिसमा नगर कार्यपालिकाले अनुमोदन गरेपछि लागू भएको मानिनेछ ।

नगर कार्यपालिकाको कार्यालय

CamScanner

२८. **अनुगमन तथा मूल्याङ्कन :**

नगर स्वयंसेवक ब्यूरोले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि गरिएका कामको उपलब्धि लगायतको अनुगमन र मूल्याङ्कनको जिम्मेवारी ब्यूरोका संयोजक तथा नगर विपद् व्यवस्थापन समितिवाट हुनेछ ।

२९. **अभिलेख तथा प्रतिवेदन :**

नगर स्वयंसेवक ब्यूरोले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी गरेका कार्यहरूको अभिलेख राखी वार्षिक कार्यसम्पन्न प्रतिवेदन नगर स्वयंसेवक ब्यूरोको संयोजकमार्फत नगर विपद् व्यवस्थापन समिति र नगर कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने छ, साथै जिल्ला विपद् व्यवस्थापन समितिलाई समेत उक्त प्रतिवेदन पेश गर्न सक्नेछ ।

३०. **बाधा, अड्काउ फुकाउने :**

यो निर्देशिका कार्यान्वयन गर्दा कुनै द्विविधा वा बाधा आइपरेमा नगर कार्यपालिकाले बाधा अड्काउ फुकाउने वा द्विविधाको निवारण गर्नेछ ।

३१. **पुनरावलोकन र अद्यावधिक सम्बन्धी व्यवस्था :**

(१) नगरपालिकाले आवश्यकताअनुसार यो निर्देशिका अद्यावधिक तथा परिमार्जन गर्नेछ ।

(२) नगर विपद् व्यवस्थापन समितिले आवश्यकताअनुसार यो निर्देशिकासँग सम्बन्धित अनुसूचीहरू तयार गरी नगर कार्यपालिकाको स्वीकृतिमा लागू गर्न सक्ने छ । यस्ता अनुसूचीहरू स्वतः यो निर्देशिकाका अङ्ग हुनेछन् ।

(३) यो निर्देशिका आवश्यकताअनुसार परिमार्जन र संशोधन गर्न सम्पूर्ण अधिकार नगर कार्यपालिकामा रहने छ ।

लम्कीचुहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय भल्का, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमाणित गर्ने :

महादेव बजगाईं
नगर प्रमुख
लम्कीचुहा नगरपालिका, कैलाली

.............**समाप्त**..................

CamScanner